प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)

# राष्ट्रिय सीप परीक्षण समिति (NSTB)

मध्यपुर थिमी २, सानोठिमी, भक्तपुर

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७८।०८।१२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति National Skill Testing Board **(NSTB)** बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार **व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो (EVENT-II)** को सहयोगमा सहुलियत शुल्कमा सञ्चालन हुने **पूर्व सिकाइ**को सीप परीक्षणमा सम्मिलित हुन चाहने १६ वर्ष उमेर पुगेका तथा **वैदेशिक रोजगारबाट फर्केका** नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा गई आवेदन फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

**क) सीप परीक्षण केन्द्र, परीक्षण हुने व्यवसाय र तह :**

| क्र.सं. | प्रमाणीकृत सीप परीक्षण केन्द्र (*)/ सीप परीक्षण केन्द्र र सम्पर्क नं. | | व्यवसाय | तह |
|---|---|---|---|---|
| | **प्रदेश नं. १** | | | |
| १ | परिषद् प्रदेश कार्यालय, इटहरी, सुनसरी । फोन : ०२५-५८६७४०/ ५८७०१९, ९८४२७७१७०५ | | | |
| | टेलरिङ | १, २ | प्लम्बर | २ |
| | वेटर | २ | कमि ॥ | २ |
| | उद्यम विकास सहजकर्ता | २ | | |
| २ | *रत्नकुमार वान्तवा बहुप्राविधिक शिक्षालय, साखेजुङ, इलाम । फोन : ०२७–४२१०२३, ९८५२६८०५१८ | | | |
| | सामुदायिक पशुपालन सहायक | १ | सामुदायिक कृषि सहायक | १ |
| | टेलरिङ | १ | अफ सिजन भेजिटेबल प्रोड्यूसर | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | ब्रिक लेयर मेसन (डकर्मी) | १, २ |
| | प्लम्बर | १ | उद्यम विकास सहजकर्ता | २ |
| ३ | *झापा प्राविधिक शिक्षालय, जेभी स्प्रिङ्गडिल कलेज फर होटेल म्यानेज्मेन्ट, विर्तामोड, झापा । फोन : ०२३-५४२४८८, ९८४२६५३०९५ | | | |
| | टेलरिङ | १, २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | प्लम्बर | १, २ | कम्प्युटर अपरेटर | २ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | कमि ॥। / कमि ॥ | १, २ |
| | वेटर | १ | ब्युटिसियन | २ |
| ४ | * दमक टेक्निकल एजुकेसन फाउन्डेसन प्रा. लि. जेभी हङ्कङ्ग ब्युटी पार्लर दमक, झापा । फोन : ०२३-५८४९५०, ९८६३६१७१६१, ९८५२६५०५१८ | | | |
| | प्लम्बर | १, २ | जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | कम्प्युटर अपरेटर | २ | टेलरिङ | १, २ |
| | ब्युटीसियन | २ | | |
| ५ | *प्राइम कलेज अफ आइटी एन्ड टेलीकम जेभी विराट पोलिटेक्निक इन्स्टिच्यूट, विराटनगर, मोरङ । फोन : ०२१-५२३०५२, ९८४२५३२९१८ | | | |
| | कम्प्युटर अपरेटर | २ | टेलरिङ | २ |
| | जुनियर कम्प्युटर हार्डवयर टेक्निसियन | १ | ह्यान्ड इम्ब्रोइडरर | १, २ |
| | ब्युटीसियन | २ | | |
| ६ | *मनमोहन स्मृति पोलिटेक्निक, बूढीगंगा ४, हात्तीमुडा, मोरङ । फोन : ०२१-६२२०५८, ९८४२१८६५९८ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | वेल्डर | २ |
| | जुनियर / कम्प्युटर हार्डवेयर टेक्निसियन | १, २ | कम्प्युटर अपरेटर | २ |
| | इलेक्ट्रिकल मोटर रिवाइन्डर | १ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | रेफ एन्ड एसी जुनियर / मेकानिक | १, २ | प्लम्बर | १, २ |
| | मोटरसाइकल सर्भिस मेकानिक | १, २ | टेलरिङ | १, २ |
| | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १, २ | लेथ सेटर अपरेटर | १, २ |
| ७ | * पाथिभरा हिमालयन पोलिटेक्निक प्रा.लि., इटहरी, सुनसरी । फोन : ०२५-५८१४५७, ९८४२१४८७४५ | | | |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | अफ सिजन भेजिटेवल प्रोड्युसर | १ |
| | फर्निचर मेकर | १ | टेलरिङ | १, २ |
| | प्लम्बर | १, २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| ८ | * प्रिमियर होटेल स्कुल, इटहरी, सुनसरी । फोन : ०२५-५८८७७८, ०२५-५८८५४० | | | |
| | वेटर | १, २ | कमि ॥।/ कमि ॥ | १, २ |
| | हाउस किपिङ क्लिनर | १ | वेल ब्वाइ | १ |
| ९ | उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा । फोन : ०२६-५४०२३०/५४०२३१, ०८२५७८९ | | | |
| | सामुदायिक पशु सहायक | १ | पशुपालन जे.टि.ए./ जे.टि. | २, ३ |
| | टि प्लान्टेसन वर्कर | १ | मसरुम ग्रोअर | १ |
| | जुनियर पोल्ट्री टेक्निसियन | १ | कृषि जे.टि.ए./ जे.टि. | २, ३ |
| | पोस्ट हार्वेष्ट टेक्निसियन (फ्रुट एन्ड भेजिटेबल) | १ | सामुदायिक कृषि सहायक | १ |
| १० | * सुम्निमा बहुप्राविधिक शिक्षालय, देउराली, भोजपुर । फोन : ९८५२०५२२५६, ९८४१५५९५६५ | | | |
| | कृषि जे.टि.ए. | २ | प्लम्बर | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | ब्रिक लेयर मेसन (डकर्मी) | १, २ |
| | स्टोन लेयर मेसन (डकर्मी) | १, २ | फर्निचर मेकर | १, २ |
| ११ | *महिला पुनर्स्थापना केन्द्र (ओरेक), राजावास, उदयपुर । फोन : ०३३-६९०१२९, ९८५२८३२५०४ | | | |
| | सामुदायिक पशुपालन सहायक | १ | पशुपालन जे.टि.ए. | २ |
| | सामुदायिक कृषि सहायक | १ | कृषि जे.टि.ए. | २ |
| | **प्रदेश नं. २** | | | |
| १२ | परिषद् प्रदेश कार्यालय, सिद्धार्थनगर, जनकपुरधाम, धनुषा । फोन : ०४१-५२८३८६, ९८४८०२५१२३ | | | |
| | कम्प्युटर अपरेटर | २ | बिल्डिङ इलेक्ट्रिसियन | २ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | २ | उद्यम विकास सहजकर्ता | २ |
| १३ | * लहान प्राविधिक शिक्षालय, लहान, सिरहा । फोन : ०३३-५६००१५/१६, ९८५२८३२११५, ९८४३३८८६८० | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | कृषि जे.टि.ए. / जे.टि | २, ३ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | पशुपालन जे.टि.ए. / जे.टि | २, ३ |
| | आर्क / वेल्डर | १, २ | सामुदायिक पशुपालन सहायक | १ |
| | प्लम्बर | १, २ | अफ सिजन भेजिटेबल प्रोड्यूसर | १ |
| | लेथ सेटर अपरेटर | १, २ | फर्निचर मेकर | १, २ |
| १४ | वि. पी. मेमोरीयल पोलिटेक्निक इन्स्टिच्यूट, सपही, जनकपुर । फोन : ९८५४०२५५१६/९८४८०२५११६ | | | |
| | कम्प्युटर अपरेटर | २ | कन्स्ट्रक्सन कार्पेन्टर | १ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | प्लम्बर | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | २ |
| | सामुदायिक पशुपालन सहायक | १ | | |
| १५ | *मेगा मल्टी प्रपोज ट्रेनिङ इन्स्टिच्यूट, गरुडा नगरपालिका, रौतहट । फोन : ०५५-५६५४१६, ९८५५०४०८१६ | | | |
| | प्लम्बर | १ | टेलरिङ | १ |
| | मोबाइल फोन रिपेयर टेक्निसियन | १ | बिल्डिङ इलेक्ट्रिसियन | १ |
| १६ | *क्रियटिभ स्किल प्रा.लि. वीरगञ्ज, पर्सा । फोन : ०५१-५३०२२५, ९८०२९३०२२५, ९८५५०२३८६२ | | | |
| | टेलरिङ | १, २ | ह्यान्ड इम्ब्रोइडरर | १ |
| | ब्युटिसियन | २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| १७ | * निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवास महोत्तरी । फोन : ९८५५०४७५६७ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | कमि ॥। / कमि ॥ | १, २ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | वेटर | १, २ |
| | प्लम्बर | १, २ | फर्निचर मेकर | १, २ |
| | **बागमती प्रदेश** | | | |
| १८ | बागमती प्रदेश परिषद् कार्यालय, हेटौंडा, मकवानपुर । फोन : ०५७-५२४९९१, ९८५५०३४९९१ | | | |
| | कम्प्युटर अपरेटर | २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | २ |
| | कम्प्युटर हार्डवेयर टेक्निसियन | २ | कमि ॥ | २ |
| | प्लम्बर | २ | टेलरिङ | २ |
| | नेपाली कुजिन कुक | १ | उद्यम विकास सहजकर्ता | २ |
| १९ | *हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र जेभी सूर्यमणि प्राविधिक शिक्षालय, हेटौंडा, मकवानपुर । फोन : ०५७-५२४८५१/५२४८५२, ९८५५०६७४२९ | | | |
| | कम्प्युटर अपरेटर | २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | जुनियर / कम्प्युटर हार्डवयर टेक्निसियन | १, २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | प्लम्बर | १, २ | कमि ॥। / कमि ॥ | १, २ |
| | ब्युटिसियन | २ | | |
| २० | नेपाल भारत मैत्री पोलिटेक्निक इन्स्टिच्यूट, हेटौंडा, मकवानपुर । फोन : ०५७-५२३५३५, ९८५५०४२८३३ | | | |
| | स्टिल फेब्रिकेटर | १ | प्लम्बर | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | आर्क वेल्डर | १ |
| | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १, २ | शू मेकर | १ |
| | इलेक्ट्रिकल मोटर रिवाईन्डर | १ | टेलरिङ | १, २ |
| | जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | | |
| २१ | सिन्धुली सामुदायिक प्राविधिक संस्थान, सिन्धुली । फोन : ९८४४०८२५५५ | | | |
| | प्लम्बर | १ | कन्स्ट्रक्सन कार्पेन्टर | १ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १ | फर्निचर मेकर | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | | |
| २२ | रामेछाप पोलिटेक्निक इन्स्टिच्यूट, मन्थली, रामेछाप । फोन : ०४८-५४०६२७ | | | |
| | सामुदायिक पशु सहायक | १ | सामुदायिक कृषि सहायक | १ |
| २३ | *जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा । फोन : ०४९-४०००६३ | | | |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | कृषि जे.टि.ए. | २ |
| | सामुदायिक पशुपालन सहायक | १ | पशुपालन जे.टि.ए. | २ |
| | स्टोनलेयर मेसन (डकर्मी) | १ | प्लम्बर | १ |
| | कन्स्ट्रक्सन कार्पेन्टर | १ | बिल्डिङ इलेक्ट्रिसियन | १ |
| | फर्निचर मेकर | १, २ | | |
| २४ | *नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्युट, बनेपा, काभ्रे । फोन : ०११-६६०६२५, ९८४१५२६७५० | | | |
| | कमी ॥। / कमी ॥ / कमी । | १,२,३ | कम्प्युटर अपरेटर | २ |
| | वेटर | १, २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | कम्प्युटर हार्डवेयर टेक्निसियन | २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | बेकर | १ | | |
| २५ | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे । फोन : ०११-४४०२५० | | | |
| | लाईट भेहिकल सर्भिस मेकानिक /मेकानिक | १, २ | आर्क वेल्डर (IG & IF) | १ |
| | मोटरसाइकल सर्भिस मेकानिक /मेकानिक | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | मेकानिकल फिटर | १ |
| २६ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, गजुरी, धादिङ । फोन : ०१०-४०२०५३, ९८५११२२१८० | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | टेलरिङ | १, २ |
| २७ | *धादिङ बहुप्राविधिक शिक्षालय, गजुरी, धादिङ । फोन : ९८५११७५१८९ | | | |
| | सामुदायिक पशुपालन सहायक | १ | सामुदायिक कृषि सहायक | १ |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | पशुपालन जे.टि.ए. | २ |
| | कृषि जे.टि.ए. | २ | | |
| २८ | नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर चितवन । फोन : ०५६-५२१३१६ | | | |
| | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १, २ | बिल्डिङ पेन्टर | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | | |
| २९ | *नेपाल पोलिटेक्निक इन्स्टिच्यूट, भोजाड, चितवन । फोन : ०५६-५२४१६१ एक्सटेन्सन १०४/१०५, ९८५५०६५३३६ । | | | |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | प्लम्बर | १, २ |
| | कृषि जे.टि.ए. | २ | पशुपालन जे.टि.ए. | २ |
| | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | १ | | |
| ३० | *दिवाकर स्मृति प्राविधिक शिक्षालय, माडी, चितवन । फोन : ९८५५०३९१२३ | | | |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | प्लम्बर | १ |
| | सामुदायिक पशुपालन सहायक | १ | पशुपालन जे.टि.ए. | २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | | |
| | **गण्डकी प्रदेश** | | | |
| ३१ | गण्डकी प्रदेश परिषद् कार्यालय, पोखरा, कास्की । फोन : ०६१-५३२२७३, ५३२२७१, ९८५६०४२८३३ | | | |
| | टेलरिङ | २ | ब्रिकलेयर मेसन (डकर्मी) | २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | २ | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| | उद्यम विकास सहजकर्ता | २ | | |
| ३२ | *ग्रामीण तालिम केन्द्र, सिम्पानी, लमजुङ । फोन : ९८५६०४७२४३, ९८५११९२७८१ | | | |
| | टेलरिङ | १, २ | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ |
| ३३ | *लमजुङ सीप विकास प्रतिष्ठान, गैरी क्याम्पस, गैरी, लमजुङ । फोन : ०६६-६९०४६७, ९८४६५७८८२५ | | | |
| | वारवेण्डर | १ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | स्टोनलेयर मेसन (डकर्मी) | १, २ |
| ३४ | *तनहुँ प्राविधिक शिक्षालय, भिमाद, तनहुँ । फोन : ०६५-६२०३०६, ९८५६०००२९० | | | |
| | कृषि जे.टि.ए. | २ | प्लम्बर | १, २ |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | ब्रिकलेयर मेसन (डकर्मी) | १ |
| | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | १ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | टेलरिङ | १, २ | सामुदायिक कृषि सहायक | १ |
| ३५ | *पोखरा प्राविधिक शिक्षालय, फूलबारी, पोखरा, कास्की फोन : ०६१-५२८०४०/५२२०४०,९८५६०३५५२८ | | | |
| | हाउस किपिङ क्लिनर | १ | वेटर | १, २ |
| | कमि ॥।/कमि ॥ / कमि । | १,२,३ | वेकर | १ |
| | बरिष्टा | १ | वार टेन्डर | १ |
| ३६ | *पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट, पोखरा, कास्की । फोन : ०६१-५२२५६९, ९८५६०३१५६९ | | | |
| | प्लम्बर | १ | इलेक्ट्रिकल मोटर रिवाइन्डर | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १ | रेफ एन्ड एसी जुनियर मेकानिक | १ |
| ३७ | *हेरोन टेक्निकल प्रा.लि. जेभी पञ्चकन्या ट्रेनिङ इन्स्टिच्यूट, पोखरा, कास्की फोन : ०६१-५२१८१४, ०६१-५३९८३०, ९८०५८८१४५६ | | | |
| | मोबाइल फोन रिपेयर टेक्निसियन | १ | कलर टि.भी. रिसिभर टेक्निसियन | १ |
| | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ | ह्यान्ड इम्ब्रोइडरर | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | | |
| ३८ | *जिनियस मल्टी टेक्निकल इन्स्टिच्यूट प्रा.लि. जेभी एस ओ एस व्यावसायिक तालिम केन्द्र, अमरसिंह चोक, पोखरा । फोन : ०६१-५३२६५८, ९८५६०३२०३६ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | प्लम्बर | १ |
| | टेलरिङ | १, २ | कम्प्युटर अपरेटर | २ |
| | लाईट भेहिकल सर्भिस मेकानिक | १ | | |
| ३९ | *पोखरा पोलिटेक्निक इन्स्टिच्युट जेभी गुरुङ ब्युटी पार्लर एन्ड एकेडेमी प्रा. लि. लामाचौर, पोखरा, कास्की । फोन : ०६१-४४००४२, ९८४६०३४३७१ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | प्लम्बर | १, २ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | कन्स्ट्रक्सन कार्पेन्टर | १ |
| | ब्युटिसियन | २ | | |
| ४० | *कान्तिपुर टुरिजम एन्ड होटेल मेनेज्मेन्ट कलेज, पोखरा, कास्की । फोन : ०६१-५२४९१५, ५४०८८४, ९८१३७६५३०५ | | | |
| | इन्डियन कुक | १ | कमि ॥। / कमि ॥ | १, २ |
| | वेटर | १, २ | वेल ब्वाइ | १ |
| ४१ | धौलागिरी पोलिटेक्निक इन्स्टिच्यूट, बलेवा, बागलुङ । फोन : ०६८-४१३०९६/९७, ९८५७६२६०९५ | | | |
| | कृषि जे.टि.ए. | २ | पशुपालन जे.टि.ए. | २ |
| | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | १ | | |
| ४२ | धौलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङ । फोन : ०६९-६९००२८, ९७५६७०३०३० | | | |
| | कमि ॥।/कमि ॥ | १, २ | वेटर | १, २ |
| ४३ | महाकवि देवकोटा मा.वि., सुनवल, नवलपरासी । फोन : ०७८-५७०१२३, ९८४७०३३३७६ | | | |
| | लाईट भेहिकल सर्भिस मेकानिक/ मेकानिक | १, २ | मोटरसाइकल सर्भिस मेकानिक/ मेकानिक | १, २ |
| ४४ | *सिजी पोलिटेक्निक, चौधरी उद्योग ग्राम, दुम्कौली, नवलपरासी फोन : ०७८-५४५०२२/ ९८०६८६०७६९, ९८४९६२१३५८ | | | |
| | वोईलर अपरेटर | १, २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | मेकानिकल फिटर | १, २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | इलेक्ट्रिकल मोटर रिवाईण्डर / रिपेरर | १, २ | कार्पेन्टर | १ |
| ४५ | *गण्डकी तालिम केन्द्र प्रा.लि. जेभी हङकङ ब्युटी ईन्ष्टिच्युट घारीपाटन, पोखरा, कास्की । फोन : ०६१-५४६७५२ | | | |
| | प्लम्बर | १ | सुरक्षा गार्ड | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | ब्युटिसियन | २ |
| ४६ | *गोरखा बहुप्राविधिक शिक्षालय, पालुङटार, गोरखा । फोन : ९८५६०४००९५ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | इलेक्ट्रिकल मोटर रिवाइण्डर | १ |
| | ईण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | प्लम्बर | १, २ | | |
| | **लुम्बिनी प्रदेश** | | | |
| ४७ | लुम्बिनी प्रदेश परिषद् कार्यालय, बुटवल, रुपन्देही । फोन : ०७१-४२२०७१, ९८५७०४४०१८ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | २ |
| | प्लम्बर | २ | कमि ॥ | २ |
| | वेटर | २ | उद्यम विकास सहजकर्ता | २ |
| ४८ | *वेस्टर्न नेपाल कलेज अफ इन्जिनियरिङ, तुलसीपुर, दाङ । फोन : ०८२-५२०८४०, ९८४४९६८३७५ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | टेलरिङ | १ | फर्निचर मेकर | १ |
| ४९ | *कोरिया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही । फोन : ०७१-४५०००४,९८५७०३३०८४ | | | |
| | कम्प्युटर हार्डवेयर टेक्निसियन | २ | मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| | कम्प्युटर अपरेटर | २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | ३ |
| | लाईट भेहिकल इलेक्ट्रिक मेकानिक | २ | रेफ एन्ड एसी जुनियर / मेकानिक | १, २ |
| | लाईट भेहिकल मेकानिक | २, ३ | | |
| ५० | *बुटवल टेक्निकल कलेज, गोलबजार, रुपन्देही । फोन : ०७१-५४४९१९, ९८५७०२६२९१ | | | |
| | रेफ एन्ड एसी मेकानिक्स | १, २ | ईण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| ५१ | *जयन टेक्निकल कलेज अफ टेक्नोलोजी जेभी एसियन स्कूल अफ टुरिजम एन्ड होटल म्यानेजमेन्ट, बुटवल, रुपन्देही । फोन : ०७१-५४५९०३, ०७१-५४११९९, ९८५७०३०१०२, ९८५७०३११३६ | | | |
| | प्लम्बर | १ | टेलरिङ | १ |
| | कमि ॥। | १ | हाउस किपिङ क्लिनर | १ |
| | वेटर | १, २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| ५२ | * पाणिनी बहुप्राविधिक शिक्षालय, चिवेक, अर्घाखाँची । फोन : ९८५७०६९११० | | | |
| | प्लम्बर | १ | ब्रिक लेयर मेसन (डकर्मी) | १, २ |
| | स्टोन लेयर मेसन (डकर्मी) | १, २ | फर्निचर मेकर | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | | |
| ५३ | राष्ट्रिय मा.वि., चन्द्रौटा, कपिलवस्तु । फोन : ०७६-५४०४२२, ९८५७०५०५५९, ९८४७०६३५१३ | | | |
| | जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | कम्प्युटर अपरेटर | २ |
| ५४ | *राप्ती प्राविधिक शिक्षालय, लालमटीया, दाङ । फोन : ०८२-४१३००१, ४१३००२, ४१३०३७, ९८५७८३४१२१, ९८४१४६४१९२ | | | |
| | कन्स्ट्रक्सन कार्पेन्टर | १ | प्लम्बर | १, २ |
| | मेसन (डकर्मी) | १, २ | पशुपालन जे.टि.ए./जे.टि. | २, ३ |
| | अफसिजन भेजिटेवल प्रोड्युसर | १ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | सामुदायिक कृषि सहायक | १ | कृषि जे.टि.ए./जे.टि. | २, ३ |
| ५५ | पद्मोदय पब्लिक नमूना मा.वि., घोराही, दाङ । फोन : ०८२-५६१९१३, ९८५७८३४११२ | | | |
| | जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | ईण्डष्ट्रियन इलेक्ट्रिसियन | १ |
| | कम्प्युटर अपरेटर | २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |
| ५६ | *भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बांके । फोन : ०८१-५२१५३८, ९८५८०२०८३८ | | | |
| | रेफ एन्ड एसी जुनियर / मेकानिक | १, २ | लेथ सेटर अपरेटर | १, २ |
| | मोटरसाइकल सर्भिस / मेकानिक | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | प्लम्बर | १, २ | आर्क वेल्डर (1G&1F) | १ |
| | लाईट भेहिकल सर्भिस / मेकानिक | १,२,३ | मेकानिकल फिटर | १, २ |
| | जुनियर/कम्प्युटर हार्डवेयर टेक्निसियन | १, २ | ईण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | कम्प्युटर अपरेटर | २ | बिल्डिङ इलेक्ट्रिसियन | १,२,३ |
| | स्टक्चरल फेब्रिकेटर | १, २ | | |
| ५७ | *शिव ईन्ष्टिच्युट अफ मल्टी टेक्निकल एजुकेसन जेभी मितिनी नेपाल प्रा.लि., तानसेन, पाल्पा । फोन : ०७५-५२२५४० | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | ईण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | अर्ली चाइल्डहुड डेभलपमेन्ट फेसिलिटेटर | १ | टेलरिङ | १, २ |
| | ब्युटिसियन | २ | | |
| ५८ | * शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही, दाङ । फोन : ९८५१०९६१३६ | | | |
| | कमि ॥। / कमि ॥ | १, २ | वेटर | १, २ |
| | सामुदायिक पशुपालन सहायक | १ | पशुपालन जे.टि.ए. | २ |
| | लेथ सेटर अपरेटर | १, २ | आर्क / वेल्डर | १, २ |
| | **कर्णाली प्रदेश** | | | |
| ५९ | कर्णाली प्रदेश परिषद् कार्यालय, वीरेन्द्रनगर, सुर्खेत । फोन : ०८३-५२१८८५, ९८४३९२९५५८ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | टेलरिङ | १, २ |
| | जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | उद्यम विकास सहजकर्ता | २ |
| ६० | *कर्णाली प्राविधिक शिक्षालय, जुम्ला । फोन : ०१९-९४८७०३२४, ९८५८३२०४४७ | | | |
| | प्लम्बर | १ | स्टोनलेयर मेसन (डकर्मी) | १ |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | बिल्डिङ इलेक्ट्रिसियन | १ |
| | सामुदायिक कृषि सहायक | १ | पोष्ट हार्वेष्ट टेक्निसियन (फ्रुट) | १ |
| ६१ | * भेरी राप्ती प्राविधिक शिक्षालय जेभी सुर्खेत न्यू भर्जन ऐकेडेमी प्रा.लि., वीरेन्द्रनगर, सुर्खेत । फोन : ०८३-५२३१३९, ९८५८०३०२१७ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | | |
| | **सुदूरपश्चिम प्रदेश** | | | |
| ६२ | सुदूरपश्चिम प्रदेश परिषद् कार्यालय, धनगढी, कैलाली । फोन : ०९१-४१२१८८, ९८५८४२२३२९ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | २ | टेलरिङ | १, २ |
| | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ | उद्यम विकास सहजकर्ता | २ |
| ६३ | *सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी । फोन : ०९४-४१२१७६, ०९४-४४००२६/२७ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | कन्स्ट्रक्सन कार्पेन्टर | १ |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | आर्क वेल्डर | १ |
| | फर्निचर मेकर | १, २ | प्लम्बर | १, २ |
| | कृषि जे.टि.ए. | २ | स्टोनलेयर मेसन (डकर्मी) | १, २ |
| | पशुपालन जे.टि.ए. | २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| ६४ | पञ्चोदय मा.वि., धनगढी, कैलाली । फोन : ०९१-५२१७९७, ९८४८४२७९५६ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | | |
| ६५ | *टीकापुर पोलिटेक्निक इन्स्टिच्यूट, पार्करोड, टीकापुर, कैलाली । फोन : ०९१-५६१२२९, ९८४८०२५७०७, ९८४३५३६५१८ | | | |
| | केरा खेती प्राविधिक सहायक | १ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | कृषि जे.टि.ए. | २ | सामुदायिक पशु सहायक | १ |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | पशुपालन जे.टि.ए. | २ |
| | बाखा पालनकर्ता | १ | | |
| ६६ | *उद्यमशिलता र रोजगारीका लागि तालिम तथा परामर्श केन्द, धनगढी, कैलाली । फोन : ०९१-५२७३७१, ९८५८४२२९०३ | | | |
| | टेलरिङ | १, २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| ६७ | धनगढी कलेज अफ इनफरमेसन टेक्नोलोजी प्रा. लि., धनगढी, कैलाली । फोन : ९८५८४२४०९८ | | | |
| | कम्प्युटर अपरेटर | २ | ब्रिकलेयर मेसन (डकर्मी) | १ |
| | मोबाइल फोन रिपेयर टेक्निसियन | १ | बिल्डिङ पेन्टर | १ |
| | ह्यान्ड इम्ब्रोइडरर | १, २ | | |
| ६८ | श्री कृष्ण मा.वि., कृष्णपुर, कंचनपुर । फोन : ९८४७२००४७२ | | | |
| | भेटेरिनरी जे.टि.ए. | २ | कृषि जे.टि.ए. | २ |
| ६९ | * गुरुकुल इन्स्टिच्युट अफ टेक्निकल एजुकेसन, महेन्द्रनगर, कञ्चनपुर । फोन : ०९९- ५२०८२६ | | | |
| | प्लम्बर | १, २ | टेलरिङ | १, २ |
| | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | १, २ | ब्रिक लेयर मेसन (डकर्मी) | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | | |
| ७० | * भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडी । फोन : ०९५-४०००९४, ९८५१०७०४४३ | | | |
| | प्लम्बर | १, २ | कृषि जे.टि.ए. | २ |
| | फर्निचर मेकर | १, २ | स्टोन लेयर मेसन (डकर्मी) | १, २ |
| | अफ सिजन भेजिटेवल प्रोड्यूसर | १ | बिल्डिङ इलेक्ट्रिसियन | १ |
| | **काठमाडौं केन्द्र** | | | |
| ७१ | *ग्लोबल इन्स्टिच्युट अफ होटेल म्यानेज्मेन्ट एन्ड टुरिजम टेक्निकल सेन्टर, मध्यपुर थिमी, भक्तपुर । फोन : ०१-४६२१०९८, ०१-४६२०१६८ , ९८६१७२१४४१ | | | |
| | वेटर | १, २ | कमी ॥।/कमी ॥ | १, २ |
| | हाउस किपिङ क्लिनर | १ | बेकर | १ |

बाँकी पृष्ठ १० मा



# ‘ठूला पार्टी असफल भइसके’

▪ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, मङ्सिर ११ गते। पूर्वप्रधानमन्त्री तथा जनता समाजवादी पार्टीका सङ्घीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईले देश निर्माणमा काँग्रेस, एमाले र माओवादी असफल भइसकेकाले अब जनता समाजवादी पार्टी वैकल्पिक शक्ति बन्ने बताउनुभएको छ।

आफूलाई ठूला र प्रमुख ठान्ने दलले देश र जनताको अपेक्षा पूरा गर्न नसकेकाले जनता विकल्प रोज्न बाध्य भएको उहाँले जनाउनुभयो। नेपालगञ्जमा आयोजना गरिएको बृहत् अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री भट्टराईले अहिलेका ठूला दलहरू भ्रष्टाचार, पदलोलुपता र अनैतिक कार्यको भुमरीमा फँसेको दाबी गर्नुभयो।

उहाँले माओवादीले केही गर्छ कि भन्ने आशा जनतामा केही वर्ष पहिले पलाएको बताउँदै तर माओवादी पनि काँग्रेस र एमालेकै बाटोमा हिँडेकाले सो पार्टीबाट पनि जनताको मोह भङ्ग भइसकेको बताउनुभयो।

विकास र समृद्धि ल्याउन भ्रष्टाचार रोक्नु अनिवार्य सर्त रहेको प्रस्ट पार्दै पूर्वप्रधानमन्त्री भट्टराईले आफू प्रधानमन्त्री भएका बेला भ्रष्टाचार नियन्त्रण गरेर नेपालकै इतिहासमा सबैभन्दा बढी राजस्व सङ्कलन गरेर देखाइदिएको स्मरण गराउनुभयो।

जसपासँग मात्रै भ्रष्टाचार नियन्त्रण, गरिबी निवारण र विकास निर्माणको ठोस योजना र मार्गचित्र रहेको ठोकुवा गर्दै उहाँले अब जसपा नै वैकल्पिक शक्ति बन्ने बताउनुभयो। आगामी निर्वाचनमा जसपा निर्णायक शक्ति बनेर उदाउने तथा केही वर्षमा जसपाकै नेतृत्वमा सरकार बन्ने आफूसँग ठोस कार्ययोजना रहेको नेता भट्टराईको दाबी छ।



प्रशिक्षण कार्यक्रममा सहभागी डा. बाबुराम भट्टराईलगायतका नेता। तस्बिर : सिराज खान/नेपालगञ्ज

सो अवसरमा बोल्दै जनता समाजवादी पार्टीका वरिष्ठ नेता अशोक राईले देशका सबै उत्पीडित र पिछडिएका वर्गलाई एकजुट पारेर तराई, पहाड र हिमाललाई जोडेर जसपा भविष्यमा देशको ठूलो शक्ति बन्ने बताउनुभयो। पार्टी कार्यकर्तालाई आगामी निर्वाचनमा निकै मिहिनेत र आक्रामक तरिकाले खटिन निर्देशनसमेत उहाँले दिनुभयो।

उक्त अवसरमा जसपाका केन्द्रीय कार्यकारिणी सदस्य तथा पूर्वमन्त्री मोहम्मद इश्तियाक राईले जनता समाजवादी पार्टीप्रति सम्पूर्ण जात, धर्म र क्षेत्रका जनताको आकर्षण बढ्दै गएको जनाउँदै अबको मुख्य शक्ति यही पार्टी हुने बताउनुभयो।

उहाँले पार्टीका स्थानीय नेता कार्यकर्तालै हरेक जनताको घरदैलोमा गएर सुखदुःख साट्नुका साथै सङ्गठन निर्माणलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने कुरामा जोड दिनुभयो।

जसपा बाँकेका अध्यक्ष कमरुद्दिन राईको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा पूर्वमन्त्री तथा केन्द्रीय सदस्य दानबहादुर कुर्मी चौधरी, जसपा लुम्बिनी प्रदेशका अध्यक्ष अशोक यादवलगायतले पनि सम्बोधन गर्नुभएको थियो।

# रुपन्देही काँग्रेस सभापतिमा खाण र पाल्पामा श्रेष्ठ

▪ बुटवल/तानसेन समाचारदाता

बुटवल, मङ्सिर ११ गते। नेपाली काँग्रेस रुपन्देहीको सभापतिमा रामकृष्ण खाण सर्वसम्मत हुनुभएको छ। खाण दुई कार्यकाल जिल्ला सचिव हुँदै शनिबार सभापतिमा सर्वसम्मत हुनुभएको हो।



त्यसैगरी उपसभापतिमा डा. अनिता शाह र थानेश्वर घिमिरे, सचिवमा हरि काफ्ले र परमानन्द भट्टराई र सहसचिवमा विष्णु थापा र वासु रिमाल निर्विरोध हुनुभएको छ।

गृहमन्त्री तथा काँग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाण, सार्वजनिक लेखा समितिका सभापति भरतकुमार शाह, प्रतिनिधि सभा सदस्य प्रमोद यादव, जिल्ला सभापति अब्दुल रज्जाक, पूर्वसभापति रामचन्द्र ढकाललगायतका नेताले जिल्लामा सहमतिको आधारमा नेतृत्व चयन गर्ने सहमति गरेपछि जिल्ला सभापतिमा रामकृष्ण खाण सर्वसम्मत हुनुभएको हो। शनिबार बिहान उम्मेदवारी दर्ता गर्ने निर्वाचन कार्यतालिकाअनुसार काँग्रेस रुपन्देहीको सभापतिमा खाणको मात्रै उम्मेदवारी परेको हो।

त्यसैगरी नेपाली काँग्रेस पाल्पाको सभापतिमा अत्यधिक मतसहित हिमालदत्त श्रेष्ठ निर्वाचित हुनुभएको छ। सभापतिका अर्का प्रतिस्पर्धी कृष्ण बस्याललाई पराजित गर्दै श्रेष्ठ अत्यधिक मतसहित विजयी हुनुभएको हो।



सहमतिमा नेतृत्व चयन हुन नसकेपछि विभिन्न पदमा शुक्रबार निर्वाचन भएको थियो। कुल एक हजार ३१३ मत खसेकोमा श्रेष्ठ ८९० मतसहित विजयी भएको निर्वाचन समितिले घोषणा गरेको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी बस्यालले ३८१ मत ल्याउनुभएको छ।

यस्तै काँग्रेसको उपसभापतिमा फणेन्द्र गहिरे र ज्ञानबहादुर गाहा निर्वाचित हुनुभएको छ। दुई जना उपसभापतिका लागि चार जनाले प्रतिस्पर्धा गर्नुभएको थियो। सचिवमा सुनिता अधिकारी ७८५ मतसहित विजयी हुनुभएको छ। अर्को सचिव पदमा ८०७ मतसहित सन्तोष थापा निर्वाचित हुनुभएको छ।

सहसचिव पदमा विष्णुकुमार थापा र हुमिद मिया निर्वाचित हुनुभएको छ। यस्तै काँग्रेसको जिल्ला कार्यसमिति सदस्यका लागि भएको चुनावमा ४० जना विजयी हुनुभएको छ।

निर्वाचनपछि बधाई तथा शुभकामना दिँदै निवर्तमान सभापति एवं लुम्बिनी प्रदेश सरकारका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वीरबहादुर रानाले काँग्रेस पाल्पामा लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट नेतृत्व चयन भएकाले त्यसलाई सबैले स्वीकार गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

## पत्रकार महासङ्घका पूर्वमहासचिव केसी काँग्रेस क्षेत्रीय सभापतिमा निर्वाचित

▪ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, मङ्सिर ११ गते। नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय महासचिव पोषण केसी नेपाली काँग्रेस बाँकेको क्षेत्रीय सभापतिमा निर्वाचित हुनुभएको छ। केसीले निवर्तमान क्षेत्रीय सभापति माधवराम खत्रीलाई ४७ मत अन्तरले पराजित गरेर निर्वाचित हुनुभएको हो।



क्षेत्र नम्बर १ को क्षेत्रीय सभापतिका लागि खसेको ६०१ मतमा पार्टी संस्थापन पक्षका माधवराम खत्रीले २६९ मत र संस्थापन इतर पक्षका केसीले ३१६ मत पाउनुभयो। केसीको जितसँगै सो क्षेत्रमा नेपाली काँग्रेसको नयाँ नेताको उदयसमेत भएको स्थानीय नेता कार्यकर्ताले जनाएका छन्।

सोही प्रकारले क्षेत्र नम्बर १ को सचिवमा केसी प्यानलबाट खुमबहादुर बस्नेत र खत्री प्यानलबाट जयश्वर पौडेल तथा सहसचिवमा खत्री प्यानलबाट दीपेन्द्र उप्रेती र केसी प्यानलबाट रामबहादुर रावत निर्वाचित हुनुभएको छ। क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चुन्न भएको मतदानमा ६०१ मत खसेको थियो। ६०५ जना मतदातामध्ये चार जना मात्र अनुपस्थित रहेका थिए। सोही प्रकारले क्षेत्र नम्बर ३ को निर्वाचनमा क्षेत्रीय सभापतिमा नकी खाँ निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ।

बाँके क्षेत्र नम्बर २ को निर्वाचन सबैभन्दा रोचक र प्रतिस्पर्धात्मक देखिएको छ। रमेश गुप्ता प्यानल र विरेन्द्र शाहले प्यानल बनाएर उम्मेदवारी दिनुभएकोमा बिहीबार नै मतदान तोकिए पनि सो दिन धेरै विवाद भएपछि मतदान स्थगित गरिएको थियो। स्थगित गरिएको मतदान शुक्रबार पनि दिनभरि विवादका बीच सम्पन्न भएको थियो।

# काँग्रेस स्याङ्जामा थापा निर्वाचित

▪ राधाकृष्ण डुम्रे/अर्जुन काफ्ले

स्याङ्जा, मङ्सिर ११ गते। नेपाली काँग्रेस स्याङ्जाको १४औँ अधिवेशनबाट सभापतिमा राजु थापा निर्वाचित हुनुभएको छ।

शनिबार सकिएको मतगणनामा थापाले एक हजार ११७ मतका साथ प्रतिस्पर्धी भगवत प्रकाश मल्ललाई पराजित गर्नुभएको हो। थापाले मल्ललाई ३२ मतको झिनो अन्तरले पराजित गर्नुभएको निर्वाचन अधिकृत आरसी गौतमले बताउनुभयो।

सभापतिमा नवनिर्वाचित थापा संविधान सभा सदस्य हुनुहुन्छ भने मल्ल स्याङ्जा-२ ‘ख’ बाट प्रदेश सभामा निर्वाचित सांसद हुनुहुन्छ। थापा रामचन्द्र पौडेल प्यानलको समर्थन र मल्ल शेरबहादुर प्यानलबाट उठ्नुभएको थियो।

यस्तै उपसभापतिमा केदार काफ्ले, शेरबहादुर थापा, सचिवमा गुरुप्रसाद भट्टराई, दामोदर लम्साल, सहसचिवमा ध्रुवबन्धु पौडेल, पृथ्वीप्रसाद पोखरेल विजयी हुनुभएको छ।

सचिवमा निर्वाचित लम्साल र सहसचिवमा निर्वाचित पोखरेल मल्ल प्यानलका रहनुभएको छ भने अन्य सबै थापा प्यानलका रहनुभएको छ। शुक्रबार भएको मतदानमा दुई हजार २५९ मतदाता रहेकोमा दुई हजार २१८ मत खसेको थियो।

विजयपश्चात् नवनिर्वाचित थापाले मतको उच्च कदर गर्दै सबैलाई मिलाएर अगाडि बढ्ने बताउनुभयो। सबै एउटै परिवार भएको र लोकतन्त्रको अभ्यासमा दुई प्यानल बनाएर अगाडि बढे पनि अब एक भएको थापाको भनाइ थियो।

सभापतिमा पराजित मल्लले हार जित सामान्य भएको र एकताबद्ध काँग्रेस बनाउन लागिपर्ने बताउनुभयो।



नवनिर्वाचित राजु थापा। तस्बिर : अर्जुन काफ्ले

# विदेशी मुद्रासहित पक्राउ

▪ गण्डकी ब्युरो

पोखरा, मङ्सिर ११ गते। विदेशी मुद्रासहित कास्की प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय कास्की, इलाका प्रहरी कार्यालय हेमजा र वडा प्रहरी कार्यालय गगनगौँडाबाट खटिएको संयुक्त प्रहरी टोलीले पोखरा महानगरपालिका-३३ मा काठमाडौँबाट पोखरातर्फ आउँदै गरेको सवारी साधन जाँच गर्ने क्रममा मुस्ताङ लो-घेकर दामोदर कुण्ड गा.पा. वडा नं -१ स्थायी घर भई हाल जिल्ला कास्की पोखरा महानगरपालिकाका छिरिङ डुन्डु गुरुङलाई पक्राउ गरिएको हो।

निजबाट अमेरिकी डलर एक लाख ९४ हजार दुई सय पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# मल्लरानी २५औँ स्थानमा

▪ प्युठान समाचारदाता

प्युठान, मङ्सिर ११ गते। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको मूल्याङ्कन प्रतिवेदनअनुसार प्युठानको मल्लरानी गाउँपालिका नेपालकै पालिकामध्ये २५औँ स्थानमा परेको छ। जिल्लाका नौवटा स्थानीय तहमध्ये मल्लरानी अग्रस्थानमा छ।

नौवटा स्थानीय तहमध्ये छवटा गाउँपालिकाले मात्र सूचीकरणमा सहभागिता जनाएका थिए। जसमध्ये मल्लरानी गाउँपालिकाले जिल्लामा सबैभन्दा बढी अङ्क प्राप्त गरेको हो। उसले ६५ अङ्क प्राप्त गरेको छ। त्यसैगरी माण्डवी गाउँपालिकाले ५४, गौमुखी गाउँपालिकाले ५३, प्युठान नगरपालिकाले ४९, ऐरावती गाउँपालिकाले ४८ र झिमरुक गाउँपालिकाले ४४ अङ्क प्राप्त गरेका छन्।

कार्यालयका गतिविधि र सेवा प्रवाहमा अधिकतम प्रविधिको उपयोग बढाउन थालेको मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले बताउनुभयो। पालिकाले विद्युतीय हाजिरी सुरु गरेको छ। गाउँपालिकाको कार्यालय, सबै वडा कार्यालय, छवटा सामुदायिक माध्यमिक विद्यालयमा विद्युतीय हाजिरी सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत थापाले बताउनुभयो। गाउँपालिकाले दर्ता चलानी, सिफारिस, योजना कार्यान्वयन, राजस्व सङ्कलन, आम्दानी रसिद सबै अनलाइन माध्यमबाट सुरु गरिएको छ।

सडक बोर्ड नेपाल
मिनभवन, काठमाडौं
website: www.rbn.org.np
**प्रस्ताव माग गरिएको सम्बन्धमा।**
(प्रकाशित मिति : २०७८/०८/१२ गते)
सडक बोर्ड ऐन, २०५८ बमोजिम अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाका रुपमा स्थापित सडक बोर्ड नेपालमा प्राप्त हुने रकम नेपाल राष्ट्र बैंकबाट “क” श्रेणीको ईजाजतपत्र प्राप्त बैंकहरुमा Call Current Account मा राख्नको लागि बैंकहरुबाट प्रस्ताव माग गरिएकोले मिति २०७८/०८/२१ गते दिनको १२:०० बजेभित्र यस बोर्डमा प्राप्त हुने गरी सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ। उक्त प्रस्ताव सम्बन्धी विस्तृत जानकारी यस बोर्डको वेभसाईटमा उपलब्ध छ।
**कार्यकारी निर्देशक**

पृष्ठ ९ को बाँकी

| | | | | |
|---|---|---|---|---|
| ७२ | *पिस प्राविधिक तालिम केन्द्र, बालकुमारी, ललितपुर। फोन : ०१-५२००८४३, ५२०३३२७ | | | |
| | रेफ एन्ड एसी जुनियर मेकानिक | १ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | जिप्सम इन्स्टलर | १ | कन्स्ट्रक्सन कार्पेन्टर | १ |
| | स्काफोल्डर (टयूबलर) | १ | एल्मुनियम फेब्रिकेटर | १ |
| ७३ | *इन्द्रेणी पोलिटेक्निक इन्स्टिच्यूट, गठ्ठाघर, भक्तपुर। फोन : ०१-६६३०२५६ | | | |
| | स्टोनलेयर मेसन (डकर्मी) | १, २ | कन्स्ट्रक्सन कार्पेन्टर | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | मोबाइल फोन रिपेयर टेक्निसियन | १ |
| | प्लम्बर | १, २ | | |
| ७४ | *प्यासिफिक हस्पिटालिटी एन्ड कुलिनरी एकेडेमी मैतिदेवी, काठमाडौँ। फोन : ०१-४४३२७५४, ४४१९२३१, ९८४९६६९७९१ | | | |
| | बेकर | १ | कमी III / कमी II | १, २ |
| | इण्डियन कुक | १ | चाइनिज कुक | १ |
| ७५ | *वर्ल्डलिंक टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट, गोंगबु, काठमाडौँ। फोन : ०१-४३५०८३८, ९८४३०२१०३३ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | टेलरिङ | १ |
| | प्लम्बर | १ | | |
| ७६ | *गण्डकी पोलिटेक्निक इन्स्टिच्यूट, जेभी ब्रिलियन्ट म्यानपावर ट्रेनिङ इन्स्टिच्यूट, टोखा, काठमाडौँ। फोन : ०१-४३८५५९ | | | |
| | कमि III/कमि II | १, २ | टेलरिङ | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | वेटर | १ |
| | प्लम्बर | १ | | |
| ७७ | *सुसान पोलिटेक्निक इन्स्टिच्यूट, जेभी आइटेक टेक्निकल एजुकेसन, महाराजगञ्ज, काठमाडौँ। फोन : ०१-४३७९११७ | | | |
| | कमि III / कमि II | १, २ | टेलरिङ | १ |
| | बिल्डिङ इलेक्ट्रिसियन | १ | स्काफोल्डर (टयूबलर) | १ |
| | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ | | |
| ७८ | *बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, बालाजु, काठमाडौँ। फोन : ०१-४३५०२१४ | | | |
| | बिल्डिङ इलेक्ट्रिसियन | १, २ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | प्लम्बर | १,२,३ | आर्क र वेल्डर | १, २ |
| | सटरिङ कार्पेन्टर | १ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | स्टक्चरल फेब्रिकेटर | २ | मेकानिकल फिटर | १, २ |
| | रेफ एन्ड एसी जुनियर/मेकानिक | १, २ | | |
| ७९ | राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुर। फोन नं. ०१-६६३८१५३, ६६३५१९५, ९८५११६३९६४/९८५११२७०८० | | | |
| | जुनियर/कम्प्युटर हार्डवेयर टेक्निसियन | १, २ | बिल्डिङ पेन्टर | १, २ |
| | टेलिकम टेक्निसियन | १ | ब्युटिसियन | २ |
| | कम्प्युटर अपरेटर | २, ३ | बारबर | १ |
| | मोबाइल फोन रिपेयर टेक्निसियन | १ | टेलरिङ | २, ३ |
| | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ | ब्रिकलेयर मेसन (डकर्मी) | १, २ |
| | इलेक्ट्रिकल मोटर रिवाइन्डर | १ | थान्कु आर्टिष्ट | १ |
| | इलेक्ट्रिकल मोटर रिपेयरर | २ | मोटर साइकल सर्भिस / मेकानिक | १, २ |
| | बिल्डिङ इलेक्ट्रिसियन | २, ३ | लाइट भेहिकल सर्भिस / मेकानिक | १,२,३ |
| | इन्डस्ट्रियल इलेक्ट्रिसियन | २, ३ | पुस्तकालय सहायक | २ |
| | फर्निचर मेकर | १,२,३ | उद्यम विकास सहजकर्ता | २ |

**ख) आवेदनका लागि न्यूनतम योग्यता :**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, **वा** सम्बन्धित व्यवसायको तालिम सहित ६ महिनाको कार्य अनुभव भएको, **वा** सम्बन्धित व्यवसायमा कम्तीमा १६० घण्टा (१ महिना) को तालिम प्राप्त गरेको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको, **वा** सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको, **वा** सम्बन्धित व्यवसायमा १ वर्षको तालिम (कम्तीमा ६०० घण्टाको प्रत्यक्ष र ८०० घण्टाको कार्यगत) लिएको। |
| तह ३ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको, **वा** सम्बन्धित व्यवसायमा १ वर्षको तालिम लिई सम्बन्धित व्यवसायमा २ वर्षको कार्य अनुभव प्राप्त गरेको, **वा** सम्बन्धित व्यवसायमा तह २ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव प्राप्त गरेको। |

**ग) सीप परीक्षण शुल्क :**

| तह | नियमित शुल्क (रु.) | सहुलियत शुल्क (रु.) (महिला, दलित, जनजाति र अपाङ्ग) |
|---|---|---|
| १ | ५०० | ४०० |
| २ | १२०० | ७०० |
| ३ | २४०० | १३०० |

**घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नुपर्ने सर्तहरू :**

१. यस सूचना तथा आवेदन फाराम CTEVT, राष्ट्रिय सीप परीक्षण समिति (NSTB) तथा इभेन्ट परियोजनाको वेबसाइट क्रमश : www.ctevt.org.np, www.nstb.org.np तथा www.event.gov.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ।
२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०७८।०९।१२ गतेभित्र बुझाउनुपर्नेछ। आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्टसम्म बुझाउन सकिनेछ।
३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाणपत्र र तालिम वा अनुभवको प्रमाणपत्र (तालिम प्रमाणपत्रको हकमा CTEVT का आंगिक, साझेदार तथा सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूबाट जारी भएको तथा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागले प्रदान गरेका **कम्तीमा १ वर्ष वा सो भन्दा पहिलाको** प्रमाणपत्रको प्रतिलिपि मात्र तथा **अनुभव**को हकमा नेपाल सरकार, सरकारी वा अर्धसरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगार दाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको सक्कल प्रमाणपत्र वा पत्र पेस गर्नुपर्नेछ। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ।
४. सहुलियत वर्गमा महिला, दलित, आदिवासी जनजाति र अपाङ्ग पर्दछन्। महिला बाहेक अन्य वर्गको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेस गर्नुपर्नेछ।
५. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजी बाहेक अन्य भाषा भएमा अङ्ग्रेजीमा अनुवाद गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपि अनिवार्य पेस गर्नुपर्नेछ।
६. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरू अपुग रहेको तथा तोकिएको समयभित्र दर्ता नभएका र रीत नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन्।
७. कुनै व्यवसायमा स्वीकृत आवेदन फाराम सङ्ख्या पाँचभन्दा कम भएमा सो व्यवसायको सीप परीक्षण सञ्चालन गरिनेछैन।
८. सीप परीक्षण तालिका समितिको वेबसाइट www.nstb.org.np मा प्रकाशित गरिनेछ। प्रवेशपत्र सीप परीक्षण आवेदन फाराम भरेकै केन्द्रबाट सहभागी आफैँ उपस्थित भई सीप परीक्षणको अघिल्लो दिनभित्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्टदेखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।
९. परीक्षार्थीहरूले सम्बन्धित पेशा व्यवसायमा आवश्यक पर्ने हाते औजारहरू आफैँले ल्याउनुपर्नेछ तथा ब्युटिसियन पेशाको सीप परीक्षणका सहभागीले परीक्षण सामग्री समेत आफैँले ल्याउनुपर्नेछ। साथै व्यक्तिगत स्वास्थ्य सुरक्षा तथा COVID-19 का मापदण्डहरू पूर्ण रूपमा पालना गर्नुपर्नेछ।
१०. यसभन्दा अगाडि सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदा सीप परीक्षण समितिबाट उपलब्ध गराइएको रजिस्ट्रेसन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ। यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि **पुनः परीक्षण** भन्ने कोठामा चिन्ह लगाउनुपर्नेछ।
११. सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको यकिन गरेर मात्र** अनलाइन फाराम इन्ट्री गरी राष्ट्रिय सीप परीक्षण समितिबाट अन्तिम **रुजु भइसकेपछि** इन्ट्री बापत प्रति फाराम रु.७०।- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन सङ्ख्या स्पष्ट खुलाई राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.वा. बैंकको खाता नं. १७३०१०००००१८३००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान गरी अपलोड गर्नुपर्नेछ।
१२. सीप परीक्षण केन्द्रले सङ्कलन भएका आवेदन फारामहरू **(आवश्यक कागजात पुगेको रुजु/यकिन गरी)** सोही दिन अनलाइन (Online) मा प्रविष्ट गर्नुपर्नेछ। यस सम्बन्धी थप जानकारी चाहिएमा मोबाइल नं. ९८४१२४९३४३ मा सम्पर्क राख्न सकिनेछ।
१३. व्यक्तिमै परीक्षण गर्नुपर्ने ब्युटिसियन तथा बारबर पेशाको सीप परीक्षणका आवेदकले COVID-19 विरुद्धको **खोप लगाएको कार्डको प्रतिलिपि** आवेदन साथ अनिवार्य पेस गर्नुपर्ने तथा परीक्षणका समयमा सीप परीक्षणमा सहभागी हुन आफ्नो तथा आफूले ल्याउने मोडेल व्यक्तिहरूको COVID-19 विरुद्धको **खोप लगाएको सक्कल कार्ड** अनिवार्य हुनेछ।
१४. COVID-19 महामारीका कारण सीप परीक्षण हुन नसकेका पेशा व्यवसाय र तहको सैद्धान्तिक वा प्रयोगात्मक सीप परीक्षणमा अनुत्तीर्ण भई पुनः परीक्षामा सहभागी हुन नपाएका **मिति २०७६ चैत्र १० गतेपछि २ वर्ष अवधि कटेका** परीक्षार्थीहरूले यस सूचनामा उल्लेखित पेशाहरूमा सीप परीक्षणमा सहभागी हुन चाहेमा एक पटकका लागि आफ्नो प्रवेश पत्र अनिवार्य संलग्न गरी यस मौका परीक्षामा आवेदन दिन सक्नेछन्।
१५. COVID-19 को जोखिम कायम रहेको वर्तमान अवस्थामा नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षा मापदण्डहरू पूर्ण रूपमा अनिवार्य पालना गर्नु परीक्षार्थी समेतको दायित्व भएको हुँदा मापदण्ड पालना गरेर मात्र सीप परीक्षण सम्बन्धित प्रक्रियामा सहभागी हुन/गराउन सम्बन्धित सबैमा अनुरोध छ।

थप जानकारीका लागि फोन नं. ०१६६३८१५३, ६६३५१९५ मोबाइल नं. ९८५११२७०८० र ९८५११६३९६४ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**निर्देशक**